सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ५ ✯ अंक : ८८ ✯ २०७९ साल, पुस १४ गते बिहिबार, ✯ Thursday 29 Dec, 2022 मूल्य रु. ५/- ✯ पृष्ठ : ४

## खेतमै उखु सुक्न थालेपछि उधारोमै चिनी मिललाई उखु बिक्री

# बाली नगदे, कारोबार सधैं उधारो, उखु किसानका समस्या अनेक

बारा, १३ पुस ।

बारा जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ८, रमौलीका परमानन्द प्रसाद कुशवाहले खेतमै उखु सुक्न थालेपछि यस वर्ष पनि उधारोमै चिनी मिललाई उखु बिक्री गरेका छन् । मिलले कुन दररेटमा उखुको पैसा दिन्छ भन्ने उनलाई थाहा छैन । सरकारले मूल्य तोक्न ढिलो गरेपछि कुशवाहले बारीमै सुक्न लागेको उखु बाध्य भएर उधारोमा मिललाई बिक्री गरेका हुन् । 'प्रतिक्विन्टल ५९० रुपैयाँ पोहोर सालको रेट हो, अहिलेको कुन रेट पाइन्छ भन्ने थाहा छैन, खेतमा उखु सुकिसकेको छ, अहिलेसम्म चलान पाएको छैन,' कुशवाहले भने 'किसानलाई आफ्नो बालीको रेट चलाउने अधिकार छैन, सरकारले कहिले मूल्य तोक्छ, अनिमात्रै रकम पाइन्छ ।' परमानन्द कुशहवाले जस्तै बाराको कलैया उपमहानगरपालिका वडा नं २०, बसतपुरका योगेन्द्र साह तेलीले पनि ५ बिगाहामा लगाएको उखु बाराकै श्रीपुरस्थित रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज (प्रा.लि.) लाई उधारोमा बिक्री गरेका छन् । गत वर्ष प्रतिक्विन्टल ५९० रुपैयाँको दरले करिव ७ लाखको उखु बिक्री गरेका तेलीले यसवर्ष प्रतिक्विन्टल ७ देखि ८ सय रुपैयाँसम्म पाएमात्रै खेती खर्च उठ्ने बताउँछन् । उनले भने, 'उखुको रेट प्रतिक्विन्टल ८ सयसम्म पाए ठिक हुन्थ्यो, नत्र खर्च पनि उठ्दैन, खेती गर्न धेरै महँगो छ, मिलले कति रेट दिन्छ भन्ने कुनै ग्यारेन्टी छैन, उखुमा यसपाली धेरै रोग लागेर प्लटका प्लट उखु खेतमै सुकेको छ ।' कलैया उपमहानगर-१३, छोटकी फुलबरियाका नागेन्द्र राउत पनि यस वर्ष २ बिगाहामा लगाएको उखु रोगले सुकेर खर्च पनि नउठ्ने हो कि





(बाँकी तेश्रो पेजमा)

## शिक्षकको योजनामा विद्यार्थीको अपहरणपछि हत्या, दुई जना आरोपित पक्राउ

पर्सा, १३ पुस ।

पर्साको बीरगञ्जमा शिक्षकको योजनामा कक्षा ८ मा पढ्ने विद्यार्थीको अपहरणपछि हत्या भएको छ । पुस १० मा बीरगञ्ज महानगरपालिका-२५ स्थित गुरुकुल पन्ना मेमोरियल इङ्लिस बोर्डिङ स्कुलमा ८ कक्षामा पढ्ने निरज कुमार पासवानको शव भेटिएको थियो । १४ वर्षीय पासवानको अपहरणपछि हत्या भएको अनुसन्धानबाट थाहा भएको जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी दिपक गिरीले रातोपाटीलाई बताए । हत्यामा संलग्न आरोपमा



प्रहरीले सो विद्यालयका शिक्षक ३० वर्षीय दिलिप कुमार पटेल र वीरगञ्ज महानगर-१७ अलौ घर भएका श्याम प्रसाद यादव उर्फ कृष्णा लाई पक्राउ गरेको छ । पर्साको धोविनी गाउँपालिका घर भएका ३० वर्षीय

(बाँकी तेश्रो पेजमा)

## जसपा संसदीय दलको नेतामा रामसहाय यादव सर्वसम्मत चयन

बारा, १३ पुस ।

जनता समाजवादी पार्टी नेपालका कार्यकारिणी सदस्य रामसहाय यादव संसदीय दलको नेतामा सर्वसम्मत् चयन भएका छन् । यसअघि जसपा संघीय परिषद्का अध्यक्ष अशोक राई नै संसदीय दलको नेता बन्ने चर्चा थियो । राईले संसदीय दलको नेतामा चाहना पनि गरेका थिए तर उम्मेदवारी दिने बेला उनले रामसहाय यादवलाई नै समर्थन गरे । स्रोतका अनुसार मंगलबार बसेको संसदीय दलको बैठकमा पनि उनले आफू संसदीय दलको नेताका लागि मरिहत्ते गर्ने होइन तर पार्टीले जिम्मेवारी दिए आफू त्यसका लागि तयार रहेको धारणा राखेका थिए । संसदीय दलको नेता बन्ने चाहना राजकिशोर यादव र नवलकिशोर साहले गरेका थिए तर उनीहरू पनि चुनाव गराउने मनस्थितिमा थिएनन् । बुधबार चुनावी प्रकृया सुरु हुँदा रामसहाय यादवको मात्र उम्मेदवारी परेपछि उनी सर्वसम्मत् रुपमा संसदीय दलको नेतामा चयन भएका हुन् । १३ हजारभन्दा बढी मत ल्याएर बारा-



२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रामसहाय यादव पार्टीमा निर्विवादित व्यक्तिका रुपमा रहँदै आएका छन् । उनको नाममा कुनै प्रस्ताव आउँदा सामान्यतया कसैले विरोध गर्दैनन् । जसपाका अध्यक्ष उपेन्द्र यादवको चाहना पनि रामसहाय यादव नै संसदीय दलको नेता बनुन् भन्ने थियो । पार्टीमा उनले सोही अनुसारको पहल गरेका थिए तर उनी आफू सांसद नभएका कारण हस्तक्षेप नगरेको पार्टीका नेताहरु बताउँछन् । संसदीय दलको नेता छान्न बसेका बैठकहरुमा रामसहाय यादवको नाम आउँदा कसैले आपत्ति जनाएका थिएनन् । पार्टीका उनी निर्विवादित रहँदै आएका कारण पनि उनको नाममा कसैले विरोध नगरेको बताइन्छ । यसअघि शेरबहादुर देउवाको नेतृत्वको सरकारमा पार्टीले उनलाई वन मन्त्री बनाउँदा निकै चर्चा भएको थियो । पार्टीको सो निर्णयलाई सबैतिरबाट स्वागत भएको थियो । अहिले उनलाई संसदीय दलको नेता बनाउँदा पनि

(बाँकी तेश्रो पेजमा)

## सीमावर्ती क्षेत्रमा कोरोनाको जोखिम, असावधानीले संक्रमित भेटिने खतरा, मेयर राजेशमान सिंहसहितको टोलीले गरे निरीक्षण

बीरगंज, १३ पुस ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण छिमेकी मुलुक भारतमा तीव्र गतिमा फैलिरहेको छ । वीरगञ्जसँग सीमा जोडिएको भारतको बिहारमासमेत संक्रमित देखिन थालेका छन्। बिहारको बोधगयामा कोरोना संक्रमितको संख्या ११ पुगेको भारतीय सञ्चार माध्यमले जनाएका छन् । दलाई लामाको उपस्थितिमा हुने बौद्ध सम्मेलनमा भाग लिन म्यानमार र बैंककबाट आएका पर्यटकमा संक्रमण देखिएको थियो। गयापछि दरभंगा र



पटनामा समेत संक्रमित भेटिने क्रम सुरु भइसकेको छ । खुल्ला सिमानाका कारण बिहारमा संक्रमण बढेको खण्डमा वीरगञ्जमा पनि कोरोना संक्रमण भित्रिन सक्ने जोखिम बढी हुन्छ

(बाँकी तेश्रो पेजमा)

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ वाक नगरौं ।
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

**सिम्रौनगढ नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय, सिम्रौनगढ, बारा**

## जथाभावी फोहोर नफालौं, सभ्य बनौं

- सडक तथा सार्वजनिक स्थानमा फोहोर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनः प्रयोग हुने फोहोरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थानमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लास्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

**आफ्नो शहरलाई सदैव सफा र स्वच्छ राखौं ।**

**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कलैया, बारा**

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
National DAILY दैनिक





| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकार | : | परमहंस केशरी |
| अधिवक्ता | : | राजेन्द्र कुशवाहा |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |



# पालो अब परिवर्तनको

**गोपीकृष्ण ढुंगाना**

तीन करोड नेपालीको चाहना सरकार बनाउन राजनीतिक पासा पल्टाएजसरी नेताहरूले 'नेपालको भाग्य र भविष्य' पनि पल्टाउन् भन्नेमा छ । विकास र समृद्धिको नमुना गोरखाबाट सुरु गर्छु। यही मूल एजेन्डा बोकेर २०७९ मंसिरको संसदीय निर्वाचनमा मत मागेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पुस १० मा प्रधानमन्त्री बने । अब उनको एजेन्डा र दायित्व देशको समग्र विकास र समृद्धिसँग जोडिएको छ। संसद्मा तेस्रो ठूलो दल भए पनि माओवादीका अध्यक्ष प्रचण्ड राजनीतिक पासा पल्टाउन सफल भएका छन् । तीन करोड नेपालीको चाहना अब राजनीतिक पासा जसरी 'नेपालको भाग्य र भविष्य' पल्टाउन् भन्नेमा छ । अघिल्लो सरकारमा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीको कुर्सीबाट ढाल्ने प्रचण्डलाई अहिले जसरी ओलीले नै 'सिंहदरबारको सर्वोच्च कुर्सी' दिए, ठीक त्यसरी गठबन्धन र अन्य राजनीतिक स्वार्थले तहसनहस भएको विकास र समृद्धिको 'अवस्था'लाई अब प्रचण्डले 'सर्वोच्च' टाकुरामा पुऱ्याऊन् । 'प्रचण्ड' जस्तो नाम त्यस्तै काम होस्, प्रधानमन्त्री प्रचण्डलाई तीन करोड नेपालीको शुभकामना ।'

२०५६–५८ ताका त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर गर्दै गर्दा जसरी तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई आमजनताले सरकारबाट हटिदिए हुन्थ्यो भन्ने चाहना गरेका थिए, यसअघि प्रधानमन्त्रीको चिट्ठा परेका शेरबहादुर देउवालाई यसपटक प्रधानमन्त्री नबनिदिए हुन्थ्यो भन्ने जनमत थियो। भयो पनि त्यस्तै, संसद्मा पहिलो दल बनेको कांग्रेसका संसदीय दलका नेता देउवाको 'मदहोस'ले अबको पाँच वर्ष पाएको भए नेपालको समृद्धि त के विकास थप अधोगतिमा जाने संकेत देखिइसकेको थियो। यद्यपि यो पंक्तिकारको सोच होइन तथापि किन यो आवाजसहितको जनमत गुञ्जियो त ? पुस ९ गतेसम्मको देउवा नेतृत्वको सरकारले यसबीच नभाँचेको 'सिन्को' यसको बलियो प्रमाण हो। जनचाहना नेपालमा भव्य विकास होस् र समृद्धि छाओस् भन्नेमा केन्द्रित छ। ग्यारेन्टी गर्न सक्ने अवस्था त छैन तर पनि देउवाभन्दा दाहाल नेतृत्वको सरकारले पक्कै दुईचारवटा सिन्का भाँच्नेछ । देश नयाँ राजनीतिक गोरेटोमा अघि बढेको आभास आम नेपालीलाई महसुस गर्नेछ। कांग्रेसभित्रै ठूलो संख्या थियो देउवा सरकारमा नजाऊन् भन्ने । यसको मूलकारण उनीबाट परिवर्तनको घण्टी बज्ने देखिएन ।

परिवर्तनको घण्टी अब प्रचण्डले बजाऊन्। यद्यपि प्रधानमन्त्री प्रचण्डसामु चुनौतीका चाङ चुलिएको स्पष्ट देखिएको छ। यो सामान्य हो। नेतृत्व सम्हाल्ने कसलाई पो चुनौती हुँदैन र ? 'डरके आगे जित' भनेझैं चुनौतीभित्रै उनको जित पनि छ । यदि चुनौतीमै रुमलिइरहे भने त उनले केवल सिंहदरबारको सर्वोच्च कुर्सीको अपमान मात्र गर्नेछन् । भलै सिंहदरबारभित्र ४४औं प्रधानमन्त्रीको नाममा आफ्नो तस्बिर टाँग्लान् । जनयुद्धदेखि आजसम्मका आरोह–अवरोहले प्रचण्डलाई पक्कै 'सही पाठ' सिकाएको हुनुपर्छ । राष्ट्रका दीर्घकालीन समस्याहरू समाधान गरे भने उनले आफ्नो 'प्रचण्ड' नामलाई सार्थक बनाउनेछन्। तेस्रो कार्यकाल 'काम गर्नलाई' आएको भन्ने वाक्य अफापसिद्ध नहोस् । जनयुद्धपछि 'मुलुकमा आमूल परिवर्तन गर्छौं' भन्ने प्रचण्ड नेतृत्व माओवादीलाई बाह्रबुँदे सम्झौतापछि सरकारमा पुऱ्याएकै हुन् । यद्यपि सत्तास्वार्थमा लिप्त हुँदा माओवादीले कुनै 'लछारपाटो' लगाएन । जनताले त्यसको सही मूल्यांकन गरेर झन्डै 'पत्तासाफ' पारिदिए । एक किसिमको

'आत्मविश्वास' र 'मनोबल' प्रचण्डमा जनताले देखेकैले सायद उनलाई 'तेस्रो' र सम्भवतः 'अन्तिम' विकल्प दिएका हुन् । यो अढाई वर्षको 'पर्फर्मेन्स'ले प्रचण्ड 'प्रचण्ड' बनेर निस्किऊन्, ता कि उनको यो 'अन्तिम' नहोस् । 'देशमा राजनीतिक प्रणाली बदलिए। शासन फेरिए। सत्ता बदलिए। सत्ता–खेलमा समीकरण यता–उता भए। राष्ट्रको मुहार भने फेरिएन। सुशासन आएन ।' प्रधानमन्त्री प्रचण्डलाई शुभकामना दिँदै अन्नपूर्ण पोस्ट्मा सम्पादकीय छ । अब पनि उनले ठप्पजस्तै भएको विकासको गतिलाई 'स्पिडअप' गर्न सकेनन्, देश सञ्चालनका लागि 'सिस्टम' बसालेर 'सुशासन' दिन सकेनन् र 'असरल्ल' सेवाप्रवाहलाई नागरिकले सहज महसुस गर्ने गरी 'चुस्त, दुरुस्त सेवासुविधा' दिन सकेनन् भने सम्भवतः सरकारको नेतृत्व गर्न पाउने अवसर प्रचण्डका लागि अवश्य 'अन्तिम' हुनेछ। बेलैमा बुझून्, मनन् गरून् र जनचाहना/जनआवश्यकता अनि मुलुकको आवश्यकताअनुसार 'समृद्ध नेपाल : सुखी नेपाली' बनाऊन् । टाढा नजाऔं, त्यो चीन यो चीन बनेर 'विश्वकै नम्बर १' भइरहँदा उसले अपनाएका विकासका मोडल र त्यसको आधार 'सूचना–प्रविधि' नियालून् र प्रचण्डले नेपालको जग खनून्। कथंकदाचित प्रचण्डले सकेनन् भने अढाई वर्षपछि प्रधानमन्त्री बन्ने एमालेका अध्यक्ष केपी ओलीले नेपाललाई यसरी गति दिऊन् ।

नेताका नजरमा अझै 'जनता' बनिरहेका नागरिक (मतदाता) कति चेतनशील बनिसके भन्ने प्रमाण त २०७९ को स्थानीय, प्रदेश र केन्द्रको निर्वाचन परिणाम हेरे काफी हुन्छ । सूचना–प्रविधिमार्फत छलाङ मार्ने देशहरूको सूचीमा नेपाल परोस् भन्ने चाहेका छन् नेपालीजनले । प्रकृति र संस्कृति अनि सम्पदामा धनी नेपालले यी तीन कुरामा विश्वमा नेतृत्व गर्नुपर्छ अब। पश्चिममा देश भौतिक पूर्वाधारका दृष्टिले 'अब्बल' छन् तर उनीहरू

*(बाँकी तेश्रो पेजमा)*

# मधेस प्रदेशमा दलको नेता छान्न सकस

धनुषा, १३ पुस ।

संसदीय दलको नेता बन्न आकांक्षी बढी भएपछि राजनीतिक दलका नेताहरूलाई मधेस प्रदेशसभामा संसदीय दलको नेता चयन गर्न सकस भएको छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको करिब डेढ महिना बित्न लाग्दा मधेस प्रदेशसभामा प्रतिनिधित्व गर्ने कुनै पनि राजनीतिक दलले आफ्नो संसदीय दलको नेता चयन गर्न सकेका छैनन् । मधेस प्रदेशसभामा नयाँ र पुराना गरी विभिन्न १० राजनीतिक दलको प्रतिनिधित्व छ । संसदीय दलको नेता बन्न थुप्रै आकांक्षी भएकाले संसदीय दलको नेता छान्न समस्या भएको नेताहरूले बताए। मधेस प्रदेशसभाको सबैभन्दा ठूलो दल नेकपा (एमाले)मा आकांक्षी बढेकाले दलको नेता छनोट गर्न समस्या भएको नेताहरुले जानकारी दिए । एमालेका नेता तथा प्रदेशसभा सदस्य राजकुमार लेखीले पार्टीभित्र तीन/चारजना आकांक्षी भएकाले दलको नेता कसलाई बनाउनेमा सहमति हुन नसकेको बताए । उनले अबको एक/दुई दिनभित्रै संसदीय दलको नेता छान्ने गरी पार्टीमा गृहकार्य भइरहेको बताए ।



कूल एक सय सात सदस्यीय मधेस प्रदेशसभामा २३ सिट जितेर पहिलो पार्टी बनेको एमालेमा संसदीय दलको नेता बन्न नेता लेखीसहित रामचन्द्र मण्डल, सरोज कुमार यादवलगायत आकांक्षी छन् । सहमतिमा संसदीय दलको नेता छान्न सकस भएपछि नेपाली कांग्रेसले निर्वाचन प्रक्रिया थालेको छ। निर्वाचन प्रक्रियाबाट दलको नेता छान्न नेपाली कांग्रेसले मधेस प्रदेशका पार्टी उपसभापति चन्द्रशेखर यादवको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ। कांग्रेस प्रदेश समितिको जनकपुरधाममा बसेको बैठकले उपसभापति यादवको संयोजकत्वमा प्रदेश समितिका महामन्त्री बृहस्पतिकृष्ण श्रेष्ठ र सहमहामन्त्री बिन्दुकुमारी यादव सदस्य रहने गरी तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ ।

कांग्रेसको प्रदेश संसदीय दलको विधानको धारा ५ को ३ अनुसार गठन भएको निर्वाचन समितिले संसदीय दलको नेता छान्ने प्रक्रिया सुरु गरेको कांग्रेस मधेस प्रदेशका सभापति कृष्णकुमार यादवले जानकारी दिए । निर्वाचन समितिले सर्वसम्मतिबाट दलको नेता चयन पहल थालेको र सहमति नभए अन्तिममा निर्वाचन प्रक्रियाबाटै चयन गर्ने अध्यक्ष यादवको भनाइ छ । संसदीय दलको नेताका लागि कांग्रेस मधेस प्रदेश समिति सभापति कृष्णकुमार, यादव, सिंह र जनार्दन क्षेत्री आकांक्षी छन् । मधेस प्रदेशसभाका १६ सिटसहित तेस्रो ठूलो दल बनेको जनता समाजवादी पार्टी ( जसपा) लाई पनि संसदीय दलको नेता चयन गर्न सकस छ । केन्द्रीय समिकरणअनुसार मधेस प्रदेशको मुख्यमन्त्री पाउने सम्भावना रहेको जसपाभित्र संसदीय दलको नेता बन्न दौडधूप बढेको छ।"अहिलेसम्म दलको नेता चयन गर्ने प्रक्रिया सुरु भइसकेको छैन', जसपाका नेता तथा प्रदेशसभा सदस्य रामअशिष यादवले भने, "अहिलेसम्म दलको नेता छान्ने कुनै प्रक्रिया सुरु भइसकेको छैन्, कुराकानी जारी रहेकाले हेरौँ एक/दुई दिनमा हुन्छ ।' बिहीबार विजयीहरुका लागि सम्मानको कार्यक्रम रहेको र त्यसमा पनि संसदीय दलको नेता छान्ने कुरा उठ्न सक्ने उनको भनाइ छ। जसपामा संसदीय दलको नेता बन्न मधेस प्रदेशका वर्तमान मुख्यमन्त्री लालबाबु राउत, सरोजकुमार यादव, रामअशिष यादव, मनिषकुमार सुमन लगायतका नेता आकांक्षी देखिएका छन् । नेकपा ( माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)ले शपथपछि मधेस प्रदेशसभामा संसदीय दलको नेता चयन गर्ने भएको छ । मधेस प्रदेशसभा सचिवालयले यही पुस १५ गते अपराह्न २ बजे शपथ कार्यक्रम तय गरेको छ। नेपालको संविधानको धारा १८२ को उपधारा ९५०, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम प्रदेशसभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्य गोविन्दबहादुर न्यौपानेले प्रदेशसभा सदस्यलाई शपथ गराउने तय भएको प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवले जानकारी दिए । माओवादी केन्द्रका नेता एवं मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले शपथपश्चात शनिबार वा आइतबार संसदीय दलको नेता चयन गरिने जानकारी दिए।"संसदीय दलको नेता चयनका लागि अहिलेसम्म मिति र समय तय भइसकेको छैन', माओवादी केन्द्रका निवर्तमान संसदीय दलका नेतासमेत रहनुभएका साहले भने, "शपथग्रहण सकिएपछि हामी संसदीय दलको नेता चयन गर्छौं ।'

पार्टीभित्र संसदीय दलको नेतामा बन्न खासै कुनै विवाद वा धेरै आंकाक्षी नरहेकाले सहमतिमै दलको नेता चयन हुने उनको भनाइ छ। प्रदेशसभामा माओवादी केन्द्र आठ सिट जितेर छैँटौ दल बनेको छ । यस्तै प्रदेशसभामा सात सिट जितेर सातौँ दल बनेको एकीकृत समाजवादीले पनि प्रदेशसभाको शपथपछि मात्र संसदीय दलको नेता चयन गर्ने जनाएको छ । सो पार्टीका नेता तथा प्रदेशसभाका ज्येष्ठ सदस्य न्यौपानेले शुक्रबारको शपथपश्चात पार्टी संसदीय दलको नेता तय हुने जानकारी दिए । प्रत्यक्षतर्फ ६४ र समानुपातिकतर्फ ४३ गरी कूल एक सय सात सिट रहेको मधेस प्रदेशसभामा एमाले २३, कांग्रेस २२, जनता जसपा १६, जनमत पार्टी १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नौ, माओवादी केन्द्र आठ र एकीकृत समाजवादी सात तथा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीको एक/एक सिट छ। प्रत्यक्षमा छ जना स्वतन्त्र उम्मेदवार पनि जितेका छन् ।

**जनमत पार्टीमा दलको नेता छान्न अध्यक्ष डा राउतलाई जिम्मा**

मधेस प्रदेशसभामा पहिलो पटक प्रवेश गर्न लागेको जनमत पार्टीले संसदीय दलको नेता चयन गर्ने जिम्मा पार्टी अध्यक्ष डा सिके राउतलाई दिएको छ। सो पार्टीको जनकपुरधाममा बसेको संसदीय दलको बैठकमा सहमति नजुटेपछि दलको नेता छान्ने जिम्मा अध्यक्ष राउतलाई दिने निर्णय गरिएको थियो । मधेस प्रदेशसभामा १३ सिटसहित बनेको जनमत पार्टीमा संसदीय दलको नेता बन्न सञ्जय यादव, चन्दन सिंह, बसन्त कुशवाहा, सतिश सिंह, महेश कुमार यादव लगायतका नेता आकांक्षी हुन्न । रासस

# उपेन्द्र दाहिना नहुँदा रोकिए अशोक राई

काठमाण्डौ, १३ पुस ।

४ मंसिरको चुनावमा अध्यक्ष उपेन्द्र यादव सप्तरी–२ बाट पराजित भएपछि धेरैको अनुमान थियो, जनता समाजवादी पार्टी (जसपा) को संसदीय दलको नेता संघीय परिषद् अध्यक्ष अशोक राई बन्नेछन्। किनकि जसपाबाट चुनाव जित्ने नेताहरुमध्ये सुनसरी–१ बाट निर्वाचित राई नै सबैभन्दा वरिष्ठ थिए । तर बुधबार बारा–२ बाट जितेका रामसहाय यादव निर्विरोध दलको नेता चुनिएका छन् । दलको नेता चयन गर्न मनोनयन दर्ताको समयमा राईले उम्मेदवारी नै दर्ता गरेनन् । राईसँगै अन्य आकांक्षी राजकिशोर यादव र नवलकिशोर साहले पनि उम्मेदवारी दर्ता गरेनन् । यी सबै घटनाक्रम एकप्रकारले अनपेक्षित थियो । किनकि जसपाभित्र संसदीय दलको नेतामा मंगलबारसम्म पनि आकांक्षीमध्ये राईको सम्भावना बढी थियो। 'पार्टीको निर्णय हो । सबैको सहमति भएपछि निर्विरोध संसदीय दलको नेता चयन गरिएको हो', सांसद सुशीला श्रेष्ठ भन्छिन् । तर तथ्य भने सुशीलाले भने जस्तो होइन। बरू उपेन्द्रकै साथ नपाएर राईले दलको नेता बन्ने चाहना त्याग्न बाध्य भएका हुन् । 'अशोकलाई रोक्न अनेक कथा रचियो, नौटंकी देखाइयो' उनी निकट एक नेता भन्छन् ।




**उपेन्द्रको असन्तुष्टि**

उपेन्द्रलाई मधेशमा मात्रै नभएर राष्ट्रिय राजनीतिमै चतुर नेताका रूपमा हेरिन्छ । २०६३ सालको अन्तरिम संविधानप्रति असन्तुष्टि जनाउँदै मधेशमा आन्दोलनको नेतृत्व गरेर यादव राष्ट्रिय राजनीतिमा उदाएका थिए । त्यसयता मधेश र राष्ट्रिय राजनीतिमा बलियो प्रभाव राख्दै आएका उपेन्द्रले यसपटक चुनावकै मुखमा कांग्रेस–माओवादीसहितको गठबन्धन परिवर्तन गरेर एमालेसँग तालमेल गरे। तर जसपाले सन्तोषजनक नतिजा निकाल्न सकेनन् नै, स्वयं उपेन्द्र सप्तरी–२ बाट जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउतसँग पराजित भए । यादवले आ̂ नो र पार्टीको पराजयको कारण एमालेसँगको तालमेललाई मानेका छन् । जसपाका नेताहरूका अनुसार उपेन्द्र चुनावअघि कांग्रेस नेतृत्वको गठबन्धन छाड्ने मूडमा थिएनन् । तर गठबन्धनले कम सिट मात्रै दिने भनेपछि अशोक राईकै जोडबलमा एमालेसँग चुनावी तालमेल गर्न उनी बाध्य भए। एमालेसँग तालमेल गर्दा अशोकले भने जिते । एमालेसँग तालमेलप्रतिको असन्तुष्टि उपेन्द्रले चुनावको अन्तिम नतिजा आइनसक्दै सार्वजनिक गरेका थिए । विराटनगरबाट काठमाडौं फर्कने क्रममा विमानस्थलमा सञ्चारकर्मीसँग उपेन्द्रले भनेका थिए, 'चुनावसँगै एमालेसँगको सहकार्य पनि सकियो । अब जसपा नयाँ ढंगले अगाडि बढ्छ ।' उपेन्द्रको अभिव्यक्तिको अशोकले भोलिपल्टै खण्डन गरेका थिए। 'कसैले व्यक्तिगत हिसाबमा के भन्छ भन्ने महत्वपूर्ण कुरा होइन । एमालेसँगको तालमेलका विषयमा जसपाले कुनै निर्णय गरेको छैन', राईले भनेका थिए। दुई नेताको फरक अभिव्यक्तिबाटै जसपामा शक्ति संघर्ष रहेको बुझ्न सकिन्थ्यो ।

**एक्लिदै अशोक**

उपेन्द्रको अनुपस्थिति रहने संसदीय मोर्चामा समेत पार्टीको नेतृत्व गर्न नपाउने अवस्थाप्रति अशोक राईले सार्वजनिक टिप्पणी गरिसकेका छैनन् । तर रामसहाय नेतृत्वको संसदीय दलमा अशोक राई सदस्य रहनुपर्ने वैधानिक प्रक्रिया भने पूरा भइसकेको छ। पार्टीभित्र विकसित यो घटनापछि अशोक राईले चाल्न सक्ने सम्भावित कदमबारे आगामी दिनमै देखिनेछ। तर अशोक राई लगातार एक्लिंदै गएको तथ्य भने राजनीतिक परिदृश्यबाट लुकेको छैन। १० वर्ष अगाडि एमालेसँग अलग हुँदा राईसँग पहिचानको एजेन्डा थियो। त्यही असन्तुष्टिमा राईले आ̂ नै नेतृत्वमा संघीय समाजवादी पार्टी चलाए। २०७० सालमा अपेक्षित नतिजा ल्याउन नसकेका राईले उपेन्द्र यादवको मधेशी जनाधिकार फोरमसम्ग एकता गरे । पछि माओवादी केन्द्रबाट अलग भएर नयाँ शक्ति पार्टी बनाएका बाबुराम पनि यही पार्टीमा आइपुगे ।

त्यतिबेला पार्टी एकताको मुख्य उद्देश्य थियो, क्षेत्रीय पकड भएका पार्टीहरू मिलेर राष्ट्रिय शक्ति बन्ने। तर राष्ट्रिय शक्ति हुने उद्देश्यमा अग्रसर जसपाले गएको स्थानीय चुनावमा मधेशमा नै पहिले जितेका कैयौं पालिकाको नेतृत्व गुमायो । जसपा मात्रै होइन, छोटो समय जसपासँगै एकीकरण भएर छुट्टिएको तर, मधेशकेन्द्रित नेताहरूको बाहुल्य रहेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को हालत त्योभन्दा पनि खराब भयो। स्थानीय निर्वाचनपछि भट्टराईले पनि जसपा छाडेर नेपाल समाजवादी पार्टीको गठन गरे । तर पुरानै पार्टी माओवादी केन्द्रको चुनाव चिह्न हँसिया हथौडामा

*(बाँकी तेश्रो पेजमा)*

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश National DAILY दैनिक



## पालो अब ..............

'अध्यात्ममा अभावको जीवन' बाँचिरहेछन् । परिवार तहसनहस बनेर रातोदिन 'स्ट्रेस'को सामना गरिरहेका छन् भने अर्कोतिर 'समाज'मा 'सद्भाव'को अभावमा 'रित्तो' र 'खोक्रो' जीवन बिताइरहेका छन् । नेपाली समाजमा नेपाली यस अर्थमा 'सर्वाधिक धनी' छ तर कस्तुरीले आफ्नो वीणाको महत्त्व नबुझेसरह । नेपालीको आत्मीयता, संस्कृति र सम्पदा अन्य देशले पाउने हो भने सुविधासम्पन्न ती देशहरू 'सुनमा सुगन्ध'ले सजिने थिए होलान् । यत्ति हो, जलस्रोतले विश्वकै दोस्रो धनी देश मानिएको नेपालमा अबका दिनमा 'लोडसेडिङ' नहोस्, चौबिसैघण्टा धारामा खानेपानी आओस् । कृषिप्रधान देशमा किसानले मल, बीउबिजनसहितका कृषि उपकरण पर्याप्तता महसुस गरुन् । चामल, तरकारीलगायतका सबै उत्पादन 'छेलोखेलो' होस् अनि 'निर्यात' गर्न पुगोस् । 'हरियो वन, नेपालको धन' भन्ने उहिलेको नाराले सार्थकता पाओस् ।

सबैको दृष्टिमा सामान्य बन्दै गएको एउटा महत्त्वपूर्ण विषयले अब 'ए प्लस' पाउनुपर्छ, त्यो हो धुमिलिएको अन्तर्राष्ट्रिय छवि । अब पनि नेपाल विश्वको बुझाइमा 'डेभलपमेन्ट डिप्लोमेसी'मा कमजोर छ भन्ने भइरह्यो भने खासगरी विकसित देशहरूको 'साथ' र 'साख' दुवै गुमाइरहनेछ । यसको लागि 'स्वार्थ' कतै देखिनु हुन्न, देखिनुपर्छ त केवल 'विकास र समृद्धिका एजेन्डाहरू' । नेपालीले खोजेको झनै महत्त्वपूर्ण विषय खोतल्नै बाँकी छ, जुन देश विकासको मूल आधार पनि हो, शिक्षा र स्वास्थ्य । विश्व प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरको शिक्षा र स्वास्थ भयो भने नेपाली 'बिदेसिन' छोड्ने छन् अनि 'आत्मनिर्भर'मा 'अग्रगामी छलाङ' मार्न सफल हुनेछन् । यी सबैका लागि अधोगतिमा रहेको देशको अर्थतन्त्र क्रमशः उकालोतिर उचाल्नु छ जुन वर्तमान सरकारको अर्को चुनौती हो । नेपाल र सार्वभौम नेपालीमा स्वाभिमान र स्वाधीनता नभएर होइन, नगरेर 'खोक्रो' भएको–देखिएको हो । जोस, जाँगर हुनेहरू पनि 'वातावरण' नभएर 'होस' गुमाएका छन् । नेताहरूले आफू र आफ्नालाई काखी च्याप्ने प्रवृत्ति आजैबाट अन्त्य गर्दिए भने र योग्य एवं क्षमतावान्लाई स्थान दिन थाले भने विकासका सहयात्री सबै क्षेत्रले गुणस्तरयुक्त परिणाम ल्याउने छन् ।

'माओवादीले नै गऱ्यो व्यवस्था परिवर्तन, माओवादीले नै गर्छ अवस्था परिवर्तन' बोलेको कुराले प्रचण्ड नेतृत्वको वर्तमान सरकारमा रहँदा माओवादीलाई नै नपोलोस् मात्र । कुनै पनि दल जो सरकारको नेतृत्वमा पुग्छन्, तिनले जनतालाई जनार्दन बनाऊन् । जनताका आवश्यकता र जनचाहनालाई आफ्नो स्वार्थ देखून् । बस्, यति भए पुग्छ । राजनीतिमा देखिएको रणनीतिक कौशलता अब विकासमा प्रतिविम्बित हुनुपर्छ । विगत बिर्सिदिऊँ, सम्झिएर पनि काम खासै होलाजस्तो लाग्दैन । हालै सम्पन्न निर्वाचन २०७९ का लागि माओवादी केन्द्र र एमालेले चुनावी घोषणापत्रमा लेखेर गरेका प्रतिबद्धता मात्रै पूरा गरे हुन्छ । अढाई–अढाई वर्षको आआफ्नो पालामा यी दुई पार्टीले र यी दुईबाहेक जो जो सरकारमा मन्त्रालय सम्हाल्न पुग्छन्, तिनले पनि घोषणापत्रका वाचा पूरा गरे जनता–नागरिकले थोरै भए पनि सन्तोषको सास फेर्थे कि ? माओवादीले लेखेको थियो, 'सामाजिक न्यायसहितको समावेशी विकास, माओवादी नेतृत्व नै सबै समस्याको राष्ट्रिय निकासरु!' प्रधानमन्त्री प्रचण्डले यो नारा सार्थक तुल्याउँलान् ? यस्तै 'माओवादीले नै बनाउँछ समृद्ध नेपाल', 'समृद्धिका लागि माओवादीलाई मतदान', 'गाउँगाउँ पुग्ने पर्यावरणमैत्री दिगो पूर्वाधार विकास', सुशासन र समृद्धिका लागि स्थिर राजनीति', 'धन, बल, विभेद र भ्रष्टाचारबाट मुक्त राजनीति', 'राष्ट्रियता र स्वाधीनताका लागि सुदृढ राष्ट्रिय एकता', 'पाँच वर्षमा आधा गरिबी हटाउने', 'कृषि क्षेत्रको रूपान्तरण', 'तीव्र औद्योगिकीकरण र रोजगारी वृद्धि, यसैले ल्याउँछ सुख र समृद्धि' आदि । सबै ठीक छन् तर अब अक्षरशः कार्यान्वयन भए पुग्छ । 'माओवादीले नै गऱ्यो व्यवस्था परिवर्तन, माओवादीले नै गर्छ अवस्था परिवर्तन' बोलेको कुराले माओवादीलाई नै नपोलोस् मात्र ।

४१ महिनाका ८२ माइलस्टोन भनेर गर्व गर्ने अघिल्लो सरकारको नेतृत्व गरेको नेकपा एमालेले पनि चुनावी घोषणापत्रमा लेखेका कुरा मननीय र देश विकास हुने खालका छन् । सहरी विकास : एकीकृत बस्ती र सुरक्षित आवास, हाम्रो नेपाल : निरोगी नेपाल, गतिशील अर्थतन्त्र र सेवाको आधार : यातायात पूर्वाधारको विस्तार, स्रोतसाधनको परिचालन, योजना कार्यान्वयन र दिगो विकास, जनताको कर : जनताकै लागि, सुशासन : हाम्रो उच्च प्राथमिकता, उपभोक्ता हित : आमजनताको हित, सुदृढ संघ, अधिकारसम्पन्न प्रदेश र स्थानीय सरकार दिने भनी कबुलेको एमालेले अबको अढाईवर्षे पालोमा यी काम गरोस् । यस्तै, स्वच्छ, सुन्दर र आधुनिक राजधानी, सांस्कृतिक रूपान्तरण, सामाजिक सद्भाव र राष्ट्रिय एकता, सक्षम राज्य : स्वतन्त्र न्यायालय, सुदृढ राष्ट्रिय सुरक्षा : राष्ट्रिय हित र स्वाभिमानको रक्षा, स्वतन्त्र र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध आदि अनेक सवाल अघि सारेको थियो, सरकारमा पुग्दा नबिर्सिदिए पुग्छ । नागरिकले नै भनून् कि एमालेले आफ्ना प्रतिबद्धता पूरा गर्छ । कुनै पनि दल जो सरकारको नेतृत्वमा पुग्छन्, तिनले जनतालाई जनार्दन बनाऊन् । जनताका आवश्यकता र जनचाहनालाई आफ्नो स्वार्थ देखून् । ठानून् कि नागरिकको खुसी मेरो खुसी, नागरिकको आवश्यकता मेरो आवश्यकता, नागरिकको स्वार्थ मेरो स्वार्थरु ! देशभन्दा माथि नेता नहोऊन् । कम्तीमा सरकारमा पुग्ने नेताहरूले देशलाई माथि ठानून् । देशको विकासभित्र आफ्नो विकास देखून् । देशको समृद्धिभित्र आफ्नो समृद्धि भेटून् । बस्, यति भए पुग्छ । (साभार–अन्नपूर्णपोष्ट)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## खेतमै उखु .............

भन्ने चिन्तामा छन् । रिलायन्स चिनी उद्योगले बाँडेको बिउमा अनेक प्रकारको रोग लागेको कृषकहरुको गुनासो छ । 'अरु बिउ रोप्न मनाही गऱ्यो, चिनी मिलले दिएको बिउ रोप्नुस्, रोग छैन, बाली पनि राम्रो दिन्छ, चिनी पनि राम्रो आउँछ भन्यो तर यसपटक उखुमा अति रोग लागेको छ, प्लटका प्लट उखु सुकेर हामी मर्कामा छौं,' नागेन्द्र राउतले भने । बारा र पर्सामा साढे ६ हजार किसानले करिब ९ हजार बिगाहामा उखु खेती गर्ने गर्दछन् । यसअघि उखु किसानले ९६६९, दहीचिउरा, ९२६८, ९२३८ जातको उखु लगाउँदै आएका थिए । ती जातका उखुबाट प्रति क्विन्टल साढे ८ केजीसम्म चिनी निस्कने गर्दछ । यसपटक किसानहरुले पुरानो जातलाई छाडेर चिनी उद्योगको सुझावमा सीओ २३८ जातको उखु लगाएको उखु किसान नागेन्द्र राउतको भनाइ छ । 'यो जातको खेती गर्दा हामी मारमा परेका छौं, जति गर्दा पनि रोग नियन्त्रण भएन,' उनले भने, 'बारा, पर्साका उखु किसानहरुले बाराको श्रीपुरस्थित रिलायन्स चिनी उद्योगमा उखु बिक्री गर्ने गर्दछन् । उद्योगले मंसिरदेखि नै किसानको उखु लिन सुरु गर्ने भए पनि यस वर्ष पुस १० गतेदेखि मात्रै उखुको क्रसिङ सुरु गरेको छ ।'

यसपटक उखु सुकेको र कारखाना सञ्चालनमा पूर्वतयारी गर्न समय लागेको कारखानाले जनाएको छ । वार्षिक ३ देखि ४ महिना चिनी मिल सञ्चालन हुने गर्दछ । कारखाना प्रशासक मनोहर झाले किसानहरुले आफू खुसी उखुको बिउ लगाउँदा अनेक रोग लागेको बताए । 'हामीले जुन किसिमले सल्लाह दियौं, त्यो किसिमले खेती भएन, लगभग ६०/७० लाखको औषधि हामीले किसानलाई दिएका थियौं तर औषधि लगेर घरमा राख्ने, खेतमा नछर्ने अनि कसरी राम्रो उत्पादन हुन्छ ?' रिलायन्स चिनी उद्योगका प्रशासन प्रमुख झाले भने, 'अहिले हामीले जिरो मूल्यमा उखु खरिद गरे पनि सरकारले मूल्य निर्धारण गरेपछि तोकिएको मूल्य हामी किसानलाई दिन्छौं ।' किसानले चिनी मिललाई उधारोमा बिक्री गरेको उखुको मूल्य चिनी उत्पादन संघ, उखु उत्पादन महासंघ र सरकारबीचको छलफल पश्चात मात्रै निर्धारण हुने गर्दछ । सरकारले ढिलो गरी उखुको मूल्य तोक्दा उधारोमा मल, बिउ, ज्यालादारी, ट्याक्टर जोताई खर्च तिर्न समस्या हुने गरेको उखु किसानहरुको गुनासो छ । गत वर्ष उद्योगले किसानलाई प्रतिक्विन्टल उखुको मूल्य ५२५ रुपैयाँ र नेपाल सरकारले अनुदान स्वरुप प्रतिक्विन्टल ६५ रुपैयाँ प्रदान गरेको थियो । तर यस वर्ष उखुको मूल्य कति निर्धारण हुन्छ भन्ने हालसम्म निश्चित छैन । 'सरकारले निर्णय गरेर जति मूल्य कायम गर्छ, त्यति दिने सहमतिमा किसानसँग उखु लिएर उद्योगले क्रसिङ सुरु गरेको हो,' उद्योग प्रशासक झाले भने । रिलायन्स चिनी उद्योगले आइतबारदेखि कारखाना सञ्चालनमा ल्याएको छ । मिलको प्रतिदिन उखु क्रसिङ्ग क्षमता ३५ हजार क्विन्टल भए पनि सुरुवातमा अहिले २२ देखि २५ हजार क्विन्टल उखु क्रसिङ्ग हुने गरेको उद्योग प्रशासनले जनाएको छ । उद्योगका प्रशासन प्रमुख झाले भने, 'उन्नत जातको उखु भयो भने प्रतिक्विन्टल उखुको ११ केजीसम्म चिनी उत्पादन गर्न सकिन्छ, तर अहिले रोग लागेको, सुकेका उखु आइरहेको छ, त्यसबाट प्रतिक्विन्टल ७ देखि ८ केजीभन्दा माथि जाँदैन ।' चिनी कारखानालाई किसानले उधारोमा बिक्री गरेको उखुको मूल्य ३ देखि ४ महिनाको अन्तरालमा किसानको हातमा पर्ने गर्दछ । (साभार–रातोपाटी)

## शिक्षकको योजनामा........

पटेल सो स्कुलका भोइस प्रिन्सीपल र गणित शिक्षक हुन् । मंसिर ५ मा शिक्षकले बोलाएपछि निरज स्कुलमा गएका थिए । स्कुलमा श्याम प्रसाद यादव र अर्का एकजनालाई बोलाएर ३ जना मिलेर बालकको हत्या गरेको प्रहरीको अनुसन्धानबाट थाहा भएको छ । विद्यार्थीको शव पुस १० मा बोर्डिङ स्कुलको पुरानो भवनमा भेटिएको डिएसपी गिरीले जानकारी दिए । हत्यापछि टाढा शव व्यवस्थापन गर्न समस्या भएपछि सेफ्टी ट्यांकीमा हालिदिएको आरोपीहरुले प्रहरीसँग स्विकारेका छन् । धोबिनी गाउँपालिका–१० स्थित घोडदौडप्रिया घर भएका शिक्षक दिलिप आउजाउ गर्न टाढा भएको हुनाले स्कुल नजिकै डेरामा बस्थे । आरोपीहरुले हातखुट्टा बाँधेर घाँटी थिचेर हत्या गरेको अनुसन्धानबाट थाहा भएको छ । मंसिर १७ मा फिरौति माग गर्दै उनीहरुले 'पैसा नदिए कान्छो छोरालाई पनि मार्छौं' भनेर मृतकका धम्कि दिएका थिए । (साभार–रातोपाटी)

## जसपा संसदीय .......

सकारात्मक चर्चा भइरहेको छ । मधेसी जनअधिकार फोरम नेपाल स्थापनाकालदेखि नै सक्रिय राजनीतिमा लागेका रामसहाय यादवले कहिल्यै कुनै पदका लागि पार्टी नेतृत्वमाथि दबाब दिएका थिएनन् । इमानदारिता, शालिनता र व्यवहारमा नरम रहेका रामसहाय यादवलाई पार्टीको बफादार कार्यकर्ता मानिन्छ । पार्टी विभिन्न समयमा टुटफुट हुँदासमेत उनले उपेन्द्र यादवको साथ कहिल्यै छाडेनन् । बाराको कलैयामा १४ वर्षसम्म शिक्षण पेसा गरेका उनलाई ०४६ सालको आन्दोलनपछि जिल्लाका काग्रेस नेताहरुले आफ्नो पार्टीमा प्रवेश गराउन चाहेका थिए तर उनले तत्कालीन नेपाल सद्भावना पार्टी नै रोजेका थिए । मास्टरी गरिरहेको कारण उनी पार्टीमा खुलेर नलागे पनि गोप्य ढंगले पार्टीमा निकै सक्रिय थिए । उनी आन्दोलनहरुमा प्रत्यक्ष सहाभागी हुन्थे । नेपाल सद्भावना पार्टीमा हुँदा शिक्षक मञ्चमा आवद्ध भएर काम गर्न थालेका उनी सो पार्टीभित्रको गुटबन्दी र नेताहरुमा आएको विचलनले पार्टी छाडेर तत्कालीन फोरममा प्रवेश गरेका थिए । मधेस आन्दोलनपछि उनले शिक्षकबाट राजीनामा दिएर सक्रिय राजनीतिमा लागेका थिए र हालसम्म त्यसलाई निरन्तरता दिइरहेका छन् । रामसहाय यादवमाथि रातो पासपोर्ट बेचेको आरोप लागेको थियो तर आफू निर्दोष रहेको भन्दै त्यसको विरुद्धमा लडाइँ लडे र पछि उनी निर्दोष साबित भए । मधेस आन्दोलनपछि बनेका सरकारहरुमा थुप्रै मधेसवादी नेता मन्त्री भए तर उनले कहिल्यै त्यो लालसा देखाएनन् । बारा जिल्लाको कचोर्वा–८, बसबरियाका रामसहाय यादवले ब्याचलरसम्म अध्ययन गरेका छन् । घरको अवस्था राम्रो नभएका कारण पढाईको बीचमै जागिर सुरु गरेका उनले १२ वर्षसम्म अस्थायी शिक्षकका रुपमा काम गरे । उनी २०६० सालमा गएर मात्र स्थायी भएका थिए । २०६४ सालसम्म निरन्तर शिक्षण पेसामा रहेका उनी संविधानसभा निर्वाचनमा तत्कालीन फोरमबाट समानुपातिक उम्मेदवार बनेपछि शिक्षक पदबाट राजीनामा दिएका थिए । २०६० फागुन ७ गते रामसहाय यादवको भूमिगत नाम 'चन्द्रगुप्त'को नेतृत्वमा बारामा फोरमको ९ सदस्यीय जिल्ला समिति गठन भएको थियो । उनी नेपाल सद्भावना पार्टीमा रहेर पनि फोरमका लागि काम गरिरहेका थिए । त्यतिबेला फोरम पार्टीको रुपमा आएको थिएन । चन्द्रगुप्तको नाममा कहिलेकाहीं विज्ञप्ति आउँदा को हुन् चन्द्रगुप्त भन्ने सोधीखोजी हुन्थ्यो । उनी २०६२ मा फोरमको केन्द्रीय सदस्य बनिसकेका थिए । २०७० को संविधानसभा निर्वाचनमा पनि उनको नाम समानुपातिकतर्फ थियो तर उनी चयन भएनन् । २०६५ मा तत्कालीन केन्द्रीय समितिको बैठकले रामसहाय यादवलाई महासचिव बनायो । पछि महाधिवेशनबाट पनि उनी महासचिवमै चयन भए । त्यसपछि उनी लगातार महासचिव पदमै रहेर काम गरे । हाल जसपामा कार्य विभाजन भएको छैन । उनी सो पार्टीमा कार्यकारिणी सदस्य छन् । कार्यविभाजन भएमा उनलाई पुनः पार्टीको महासचिव नै दिने सम्भावना छ । (साभार–रातोपाटी)

## उपेन्द्र दाहिना ..........

चुनाव लडे । एकातिर पार्टीमा विभाजनको लहर, अर्कोतिर चुनावमा निरन्तर ओरालो लागिरहेको परिणामले राई उकुसमुकुस बनिसकेका थिए । त्यसपछि राई पार्टीभित्र मौन देखिए पनि भित्रभित्रै गठबन्धन बदलेर एमालेसँग सहकार्य गर्नेतिर केन्द्रित भए ।

परिणामतः प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको मुखमा एमालेसँग तालमेल गर्ने निर्णय गऱ्यो । तर जसपाको चुनावी परिणाम सकारात्मक आएन । अघिल्लोपटक चुनाव जितेकै कतिपय क्षेत्र गुमाउनुपऱ्यो भने अध्यक्ष यादव पराजित भए । एमाले र केपी ओलीप्रति दोस्रो मधेश आन्दोलनपछि बनेको 'इमेज' ले जसपालाई धक्का पुगेको यादव पक्षको बुझाइ छ । 'हामीले आन्दोलन गर्दा जसले विरोध गरिरहेको थियो, उसैसँग चुनाव लड्न गएपछि मधेशको जनताले विद्रोह गऱ्यो र विकल्प रोज्यो' यादव निकट ती नेताको भनाइ छ, 'कांग्रेस–माओवादीसँगकै गठबन्धन भएको भए सायद अहिलेको भन्दा राम्रो परिणाम हाम्रो हातमा हुन्थ्यो । तर एमालेको भोट नै हामीलाई आएन । बरु हाम्रो कारण मधेशमा एमाले ब्युँतिन सफल भयो ।'

**अनि, अशोकले उम्मेदवारी दिएनन्**

पार्टी अध्यक्ष पराजित भएपछि वरिष्ठताका आधारमा अशोकले संसदीय दलको नेता बन्ने प्रयास गरेका थिए । मंगलबार अन्तिम समयसम्म पनि उपेन्द्र सहित नेताहरुसँग उनले आ ̂नो आकांक्षा राखिरहेका थिए । तर उपेन्द्रको साथ नपाउने प्रष्ट भएपछि अशोक राईले उम्मेदवारी दर्ता गरेनन् । उपेन्द्रले भनेकै व्यक्ति रामसहायप्रसाद यादव निर्विरोध चयन भए । 'हिजोसम्म आफैं उठ्ने कुरा भएको थियो । त्यही विषयमा अध्यक्षसँग छलफल पनि गर्नुभएको थियो' राई निकट एक नेताले भने, 'तर पछि आएर नउठ्ने भन्नुभयो ।' ती नेताका अनुसार, राईले संसदीय दलमा प्रतिस्पर्धा नगर्नुका पछाडि दुईवटा कारण छन् । पहिलो, यादव सांसद नरहेकाले आफू स्वतः दलको नेताको जिम्मेवारी पाउने अशोकको बुझाइ थियो । तर यादवले नै चाहेनन् । दोस्रो, रामसहायसँग अशोक आफैंले प्रतिस्पर्धा गर्न चाहेनन् ।

जसपासँग प्रत्यक्ष निर्वाचित ७ र समानुपातिक ५ गरी १२ सांसद छन् । तर उपेन्द्रको साथ नपाउँदा राईले प्रस्तावक र समर्थक नै नपाउने अवस्था रहेको एक सांसदले बताए । राईनिकट एक नेता, उपेन्द्रको सत्ता मोहले यस्तो परिस्थिति बनेको तर्क गर्छन् । उनको भनाइमा, संसद छिर्न उपनिर्वाचनको अवस्था सिर्जना गर्ने चाहनामा उपेन्द्र छन् । त्यसैको वातावरण बनाउनतिर उनी लागेका छन् । यादव पक्ष भने यस्तो तर्क अस्वीकार गर्छ । यादव निकट अर्का नेता, चाँडै राष्ट्रियसभा सदस्यको चुनाव हुने भएकाले मन्त्री हुन उपेन्द्र यादवको बाटो नरोकिएको बताउँछन् । 'प्रधानमन्त्री हुन मात्रै संसदीय दलको नेता हुनुपर्ने हो' ती नेता भन्छन्, 'मन्त्री हुन राष्ट्रियसभा सदस्य भए हुन्छ । त्यसैले सत्तामोह भन्ने कुरा सत्य होइन ।' (साभार–अनलाइनखबर)ब

## सीमावर्ती क्षेत्रमा............

। तर, वीरगञ्ज रक्सौल नाकास्थित हेल्थ डेस्कमा बिहान र बेलुका मात्रै एन्टिजेन परीक्षण र शरीरको तापक्रम जाँच गर्ने गरिएको छ । नमुनाको रुपमा केही स्थानीयको तापक्रम लिने गरिएको छ भने भारतको जोखिमयुक्त सहरबाट आएको नेपाली वा भारतीय नागरिक तथा तेस्रो मुलुकबाट आएका विदेशीको मात्रै एन्टीजेन परीक्षण गर्ने गरिएको छ। दैनिक १ सय जनाको एन्टिजेन परीक्षण गर्ने २ सय जनाको तापक्रम जाँच लगायत स्क्रिनिङ गर्ने गरिएको हेल्थ डेस्क इन्चार्ज डा.अनिसा महतोले बताइन्। उनले भनिन्, 'पर्यटक नेपाल आउने सिजन हो, युरोपियन मुलुकबाट भारतको बाटो हुँदै पनि पाहुना आउँनुहुन्छ, कलकत्ता, इन्दोर, राजस्थानबाट बस नै रिजर्भ गरेर पनि पर्यटक आउँछन्।' 'भारतको विभिन्न जोखिमयुक्त सहरबाट आउने नेपाली नागरिकको पनि एन्टीजेन परीक्षण नै गर्छौं ।' उनले भनिन् ' दिनहुँ हजारौंको संख्यामा ओहोरदोहोर गर्ने सर्वसाधरण सबैको तापक्रम जाँच गर्न सक्ने जनशक्ति पनि हामीसँग छैन । स्याम्पलको रुपमा २ सय जना जतिको तापक्रम जाँच गर्छौं ।' संक्रमणको जोखिम बढ्दै गएकोले एन्टीजेन किट मौज्दातमा राख्नुपर्ने सुझाव आफूले महानगरलाई दिएको उनले सुनाइन् । ' किट पाउन समस्या छ, बल्लतल्ल प्रदेश सरकारले १० हजार किट दिएपछि त्यसैबाट जाँच गरिरहेका छौं ।' उनले भनिन् 'जोखिम बढ्दो छ, आवश्यक पर्दा परीक्षण बढाउन एन्टीजीन मौज्दातमा हुनुपर्छ ।'

अक्टोबर पछि हेल्थ डेस्कमा गरिएको परीक्षणका क्रममा कोरोना संक्रमित भेटिएका छैनन् । कथमकदाचित पर्सा जिल्ला बाहिरका संक्रमित भेटिएको खण्डमा कसरी व्यवस्थापन गर्ने भन्ने समस्या रहेको उनले सुनाइन् । 'पर्सा जिल्ला बाहिरका संक्रमित भेटियो भने अस्पताल भर्ना गर्नुपर्ने छ भने त अस्पताल पठाउन सकिन्छ । तर होम आइसोलेसनमा राख्नुपर्ने संक्रमितलाई कसरी व्यवस्थापन गर्ने ? भन्ने समस्या छ ।' उनले भनिन्, 'बाहिर जिल्लामा संक्रमित पठाउनुपर्दा निकै झण्झट बेहोरेको विगतको अनुभव छ । कहाँ समन्वय गर्ने भनेर स्पष्ट निर्देशन दिए सहज हुन्थ्यो ।' बुधबार नै वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले वीरगञ्ज–रक्सौल नाकाको इनरुवा स्थित हेल्थ डेस्कको स्थलगत निरीक्षण गरेका छन् । देशकै मुख्य नाकामा महानगरले सञ्चालन गरेको हेल्थ डेस्कको मेयर राजेशमान सिंह सहितको टोलीले निरीक्षण गरेका हुन् । कोरोना संक्रमण भित्रिन नदिन सतर्कता अपनाउनु पर्ने देखिएकाले पूर्व तयारीका लागि प्रवेशद्वारमा रहेको हेल्थ डेस्कको अनुगमन गरेको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले बताए । हेल्थ डेस्कको सरसफाई र मर्मत सम्भारका कामलाई अघि बढाउन पनि कर्मचारीहरुलाई निर्देशन दिएको उनले जानकारी दिए । कोरोना संक्रमित भित्रिन नदिन नाकामा उच्च सतर्कता अपनाउनुपर्ने देखिएकाले हेल्थ डेस्क मार्फत भईरहेको सेवा प्रवाहबारे बुझेको मेयर सिंहले बताए । 'भारतमा कोरोना संक्रमित दैनिक बढिरहेका छन्, वीरगञ्ज प्रवेश गर्ने यात्रुलाई अनिवार्य जाँच गरेर मात्रै पठाउन भनेको छु ।' उनले भने । हेल्थ डेस्कमा आवश्यक पर्ने स्वास्थ्य उपकरण, मास्क, सेनीटाइजर लगायतका कुनै सामाग्रीको कमी हुन नदिने आश्वासन पनि उनले दिए । (साभार–अनलाइनखबर)

सिमौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
National DAILY दैनिक


# प्रधानमन्त्रीले विश्वासको मत लिएपछि मात्रै मन्त्रिपरिषद विस्तार हुने

काठमाण्डौ, १३ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले विश्वासको मत लिएपछि मात्रै मन्त्रिमण्डल विस्तार गर्ने तयारी गरेका छन् । प्रतिनिधिसभाको बैठक पुस २५ गते दिउँसो १ बजेका लागि बोलाइएको छ । प्रधानमन्त्रीको सचिवालयका अधिकारीहरु भन्छन्, ‘प्रतिनिधिसभाको बैठक सुरु भए लगत्तै विश्वासको मत लिने र त्यसपछि मन्त्रिपरिषदलाई पूर्णता दिने तयारी छ ।’ यसविषयमा प्रधानमन्त्री प्रचण्डले सत्ता साझेदार दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली लगायतसँग छलफल गरे । प्रचण्डको चाहनामा सत्ता साझेदार दलहरु सहमति भएको नेताहरु बताउँछन् ।



बरु यसबीचमा मन्त्रालय भागवण्डादेखि प्रदेश सरकारको भागबण्डा मिलाउने लगायतका कार्य सकाउने नेताहरुको तयारी छ । संघीय सरकारको भागवण्डाको विषय नेकपा एकीकृत समाजवादीको सरकारमा सहभागिता सुनिश्चित भएपछि टुंगो लाग्ने नेताहरु बताउँछन् । मन्त्रालय भागबण्डामा एकीकृत समाजवादी समेतलाई ख्याल गरेर प्रारम्भिक खाका बनाएर छलफल चलाइएको छ । जस अनुसार एमालेले ९/१० वटा, माओवादीले ५, रास्वपा ३ मन्त्री एक राज्यमन्त्री, जसपा र सिके राउत २/२ र नेकपा एकीकृत समाजवादीले २/३ वटा मन्त्रालय लिनेछन् । तर, यसमा दलहरुको दाबी भने केही बढी छ ।

एमालेले १२ वटासम्म मन्त्रालय दाबी गरेको छ भने माओवादीले ७/८ मन्त्रालयमा दाबी गर्दै आएको छ । रास्वपाले पनि ५ वटा मन्त्रालय दाबी गरेको छ । साथसाथै, रास्वपाले उपसभामुखमा समेत दाबी गरेको छ । जसपाले उपराष्ट्रपति पदमा दाबी गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नागरिक उन्मुक्ति पार्टी ( नाउपा) सरकारमा सहभागी भएको खण्डमा ठूला दलहरुले लिने मन्त्रालयको संख्या केही घट्नेछ । संविधानले राज्यमन्त्रिसहित बढीमा २५ सदस्यीय मन्त्रिपरिषद रहने भनेको छ ।

मन्त्री बाहेकका पदहरुमध्ये राष्ट्रपति एमालेले लिने र सभामुखमा एमाले र माओवादीले आलोपालो गर्ने सहमति छ । यसबाहेकका पदहरुमा आफूहरुको पनि दाबी रहने अन्य सत्ता साझेदार दलहरुले बताएका हुन् । यी सबै विषय प्रधानमन्त्रीले विश्वासको मत लिनु अगावै सकाइने गठबन्धनका नेताहरु बताउछन् । एमाले अध्यक्ष ओलीसँगको भेटमा सरकारको साझा न्युनतम कार्यक्रम तय गर्ने लगायतका विषयमा छलफल भएको प्रधानमन्त्री प्रचण्डका स्वकीय सचिव रमेश मल्लले जानकारी दिए । उनका अनुसार मन्त्रिपरिषदले पूर्णता पाउँदै गर्दा साझा न्युनतम कार्यक्रम पनि साथै ल्याउने प्रयास हुनेछ । अर्थात, प्रधानमन्त्रीले विश्वासको मत लिनु भन्दा अगाडि सरकारको साझा न्युनतम कार्यक्रम तय गरिसक्ने प्रयास हुनेछ ।

साथसाथै, सत्ता साझेदार दलहरुले प्रदेश सरकारको विषयमा समेत छलफल सुरु गरेका छन् । प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष केपी ओली, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र जसपाका अध्यक्ष उपेन्द्र यादवसँग छुट्टाछुट्टै भेटेर प्रदेश सरकारको भागबण्डाबारे छलफल गरेका छन् । प्रचण्ड निकट नेताहरुका अनुसार छलफलमा भागबण्डाको प्रारम्भिक खाकासहित छलफल भएको छ । प्रारम्भिक खाका अनुसार एमालेले कर्णाली, बागमती, प्रदेश १ र गण्डकी प्रदेश सरकारको नेतृत्व गर्नेछन् । तर, प्रदेश १ सरकारको प्रमुखमा माओवादी केन्द्रले दाबी गरेको छ । एमालेले पनि दाबी गरेको छ । कुरा नमिले यो प्रदेशमा आधा/आधा कार्यकाल नेतृत्व लिन सक्ने गरी सहमतिको सम्भावना खोजिने नेताहरु बताउँछन् । माओवादी केन्द्रले सुदुरपश्चिम् र लुम्बिनी प्रदेश सरकारको नेतृत्व लिने, मधेस प्रदेश सरकारको नेतृत्वमा जसपा र जनमत पार्टीले दाबी गरेको छ । दाबी गरेका दुबै दलले आधा/आधा कार्यकाल नेतृत्व लिन सक्ने गरी सहमती जुटाउने प्रयास भइरहेको गठबन्धनका नेताहरु बताउँछन् ।

यता, सुदुरपश्चिम सरकारको नेतृत्वमा नागरिक उन्मुक्ति पार्टीले पनि दाबी गरेको छ । साना दलहरुको समेत समर्थन लिएर सरकार बनाएका कारण माओवादी र एमालेले कम्प्रमाइज गर्नुपर्ने कतिपय नेताहरुको तर्क छ । यस आधारमा सुदुर पश्चिम प्रदेशमा पनि आधा/आधा कार्यकालको विषय गठबन्धनको बैठकमा उठ्न सक्ने नेताहरु बताउँछन् । संघदेखि प्रदेशसम्म भागबण्डाको विषयमा छलफल गर्नका लागि बुधबार बस्ने भनिएको सत्ता साझेदार दलहरुको बैठक स्थगित भयो । अहिले भागवण्डाको विषयमा छलफल अगाडि बढाउँदा त्यसको असर विश्वासको मत लिने बेला पर्न सक्ने भयका कारण पनि विश्वासको मत पछाडि नै मन्त्रिपरिषदलाई पूर्णता दिने प्रधानमन्त्री प्रचण्डको चाहना रहेको बताइन्छ । (साभार–अनलाइनखबर)

# चीनले एकतर्फी रुपमा खुला गऱ्यो हुम्लाको यारी नाका

काठमाण्डौ, १३ पुस ।



चीनले नेपालतर्फ वस्तु आयात गर्न सक्नेगरी हुम्लाको यारी नाका पनि खुला गरेको छ । हुम्लाको यारी हुँदै सोमबार ८ ट्रक माल वस्तु नेपालतर्फ भित्रिएको हुम्लास्थित भन्सार कार्यालयले जनाएको छ । हुम्लाको यारी नाका भन्सार कार्यालय प्रमुख रामराज जैसीले नेपालतर्फ मालवस्तु भित्रिएको पुष्टि गरे । ‘हामीलाई प्राप्त जानकारीअनुसार ८ वटा ट्रकमा सामान नेपालतर्फ आएका छन्,’ जैसीले भने, ‘के के सामान आएका छन् त्यो अहिले ठ्याक्कै भन्न सकिने अवस्था छैन ।’ यता नेपालस्थित चिनियाँ दूतावासले पनि हुम्लाको नाका एकतर्फ सञ्चालनमा आएको पुष्टि गरेको छ । कोभिडका कारण बन्द अवस्थामा रहेको नाका नेपालतर्फ सामान ल्याउन सकिने गरी सोमबारबाट सञ्चालनमा आएको दूतावासले जनाएको हो । (साभार–अनलाइनखबर)

# पानी नपर्दा सुक्खापन बढ्यो, हिउँदे बालीलाई असर

काठमाण्डौ, १३ पुस ।



लामो समयदेखि पानी नपर्दा नेपालका अधिकांश भू–भागमा सुक्खापन बढेको देखिएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले पानी नपर्दा देशभर सुक्खापन बढेको जनाएको हो । पानी नपरेकै कारण प्रदूषण समेत बढ्दै गएको बताइएको छ । केही दिनअघि केही ठाउँमा फाट्टफुट्ट पानी परे पनि राम्ररी वर्षा भने हुन सकेको छैन । उता पानी नपर्दा बढेको सुक्खापनले कृषि क्षेत्रमा पनि असर पर्न थालेको बताइएको छ । मौसमविद् शान्ति कँडेलका अनुसार सामान्यतया मङ्सिर १६ गतेदेखि फागुन १७ गतेसम्मलाई हिउँदे वर्षाको समय मानिन्छ । तर, पुस १३ सम्म पानी पर्न सकेको छैन । उनका अनुसार तत्काललाई पानी पर्ने सम्भावना पनि छैन । नेपालमा हिउँदको समयमा वर्षा गराउने प्रमुख भूमिका पश्चिमी वायुको हुने भएपनि अहिले नेपालमा पश्चिमी वायुको प्रभाव सामान्य परिरहे पनि त्यो शक्तिशाली नहुँदा पानी पर्न नसकेको मौसमविद् कँडेलले बताए । उनले भने, ‘यही प्रणालीका कारण उच्च पहाडी र हिमाली जिल्लामा हल्का हिमपात भइरहेको छ । पहाडी जिल्लाको मौसम आंशिकदेखि सामान्य बदली र तराईका जिल्लामा हुस्सु कुहिरो लाग्ने गरेको छ । तर, पानी पार्ने गरी सक्रिय नहुँदा वर्षा हुन सकेको छैन ।’ मौसम पूर्वानुमान महाशाखाका अनुसार सामान्यतया काठमाडौंमा डिसेम्बर महिनामा १३ दशमलव २ मिलिमिटर पानी पर्नुपर्छ । तर, यो वर्ष आज डिसेम्बर २८ सम्म पनि पानी पर्न सकेको छैन । पानी नपर्दा काठमाडौंसहित सबैजसो ठाउँमा सुक्खापन बढेको छ । उता वर्षा नभई प्रदूषणसँगै सुक्खापन समेत बढेकाले आगलागीका घटना पनि बढ्न थालेका छन् । बुधबार हिमाली जिल्लामा हल्का हिमपातको सम्भावना रहेको मौसमविद्ले जनाएका छन् । उता लुम्बिनी र सुदूरपश्चिमका जिल्लाहरुमा हुस्सु कुहिरो लागेको छ भने अरु ठाउँको मौसम भने सामान्यता सफा नै रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । रासस

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा